# उद्योग, कृषि तथा सहकारी मन्त्रालय
## कोशी प्रदेश, विराटनगर

## राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मिति : २०८२।०९।१६**

चालू आ.व. २०८२/०८३ को राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमका लागि राष्ट्रिय उत्कृष्ट पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को बुँदा नं. ७(ग) अनुसार सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र कृषकहरूलाई अनुसूची ३ बमोजिमको निवेदन र अनुसूची ४ बमोजिमको विवरण र आवश्यक कागजात सहित सम्बन्धित कृषि ज्ञान केन्द्र/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। यस कार्यक्रमका लागि कोशी प्रदेश भित्रका प्रचलित कानून बमोजिम व्यवसायी दर्ता भएका कृषकहरूले तपसिलका विधाहरूमा सम्बन्धित जिल्लामा निवेदन पेश गर्नुहुन आह्वान गरिन्छ। कार्यक्रम सम्बन्धी कार्यविधि मन्त्रालयको वेबसाइट **www.moiac.koshi.gov.np** बाट डाउनलोड गर्न सकिनेछ।

थप जानकारीका लागि मन्त्रालयका पशु विकास अधिकृत श्री बबि बस्नेत (९८६६८७०३६३) र कृषि प्रसार अधिकृत श्री अभिमन्यू अधिकारी (९८५२०३५०४९) लाई र सम्बन्धित निर्देशनालयहरू, कृषि ज्ञान केन्द्रहरू/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा सम्पर्क गर्न सकिनेछ।

**तपसिल**

| सि.नं. | पुरस्कारका विधाहरू |
|---|---|
| १ | निर्यातजन्य बाली (चिया, कफी, अलैंची, अदुवा, दुग्धजन्य र मासुजन्य) |
| २ | याक/चौरी |